# "दाङ क्षेत्रको मध्यकालीन छिल्ली राज्यको उत्थान र पतनको ऐतिहासिक सर्वेक्षण"

❑ सुदीप गौतम
शिक्षक सहायक राजनीतिशास्त्र
महेन्द्र बहुमुखी क्याम्पस, घोराही, दाङ
Email : sudeep.gautam@mamc.tu.edu.np
https://orcid.org/0009-0008-6441-8621

**लेख सार**

छिल्लीकोट दाङ जिल्लाको ऐतिहासिक, राजनीतिक तथा सांस्कृतिक दृष्टिले महत्वपूर्ण स्थल भए पनि यसको उत्पत्ति, शासकीय परम्परा तथा पतनका सम्बन्धमा स्पष्ट अध्ययनको अभाव रहेको छ । प्रस्तुत अध्ययनले छिल्लीकोट र छिल्ली राज्यको ऐतिहासिक विकासक्रमको अध्ययन गर्दै यसको स्थापना, विस्तार, शासकहरू तथा नेपाल एकीकरणसँगको सम्बन्ध स्पष्ट गर्ने प्रयास गरेको छ । छिल्ली राज्य किन स्थापना भयो, यसको राजनीतिक भूमिका के थियो र अन्ततः यसको पतन किन कहीले र कसरी भयो भन्ने प्रश्नहरूलाई केन्द्रमा राखेर यो अध्ययन गरिएको छ ।

अध्ययन गुणात्मक ऐतिहासिक अनुसन्धान विधिमा आधारित छ । पूर्व संकलीत वंशावली, ताम्रपत्र, अभिलेख, समकालीन पत्र, प्रकाशित इतिहासग्रन्थ तथा अनुसन्धानमूलक कृतिहरूलाई स्रोत सामग्रीका रूपमा प्रयोग गरी स्रोत–समालोचना, तुलनात्मक विश्लेषण तथा ऐतिहासिक व्याख्याको विधि अवलम्बन गरिएको छ ।

अध्ययनबाट दाङ क्षेत्र मध्यकालमा सिँजा राज्यको प्रभाव क्षेत्रमा समावेश भएको र छिल्लीकोट खस साम्राज्यको दक्षिणी क्षेत्रको सुरक्षाकालागी सामरिक केन्द्रका रूपमा विकसित भएको देखिन्छ । सिँजा राज्यको विघटनपछि छिल्ली राज्य स्थानीय शक्ति केन्द्रका रूपमा स्थापित भएको तथा मेघबहादुर शाह र वीरभद्र शाह ऐतिहासिक रूपमा प्रमाणित शासक रहेको तथ्य प्राप्त भएको छ । साथै छिल्ली राज्य नेपाल एकीकरणपश्चात् पनि केही समयसम्म पृथक राजनीतिक अस्तित्वमा रहेको र वि.सं. १८६१ सम्म यसको अस्तित्व कायम रहेको प्रमाण फेला परेको छ ।

अध्ययनले छिल्ली राज्यको उदय, क्षेत्रीय शक्ति सन्तुलन र राज्य निर्माण प्रक्रियासँग सम्बन्धित रहेको तथा यसको पतन सैनिक पराजयवाट नभएर नेपाल एकीकरणपछिको प्रशासनिक केन्द्रीकरण र स्थानीय स्वायत्त राज्यहरुको क्रमिक अवसानको परिणामबाट भएको निष्कर्ष प्रस्तुत गर्दछ ।

**मुख्य शब्दहरू: खस राज्य, अशोक चल्ल, मेधनाथ शाह, वीरभद्र शाह, सल्यान**

## १. परिचय

छिल्लीकोट दाङ जिल्लाको ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले महत्वपूर्ण स्थानमध्ये एक मानिन्छ । दाङ उपत्यकाको उत्तरी पहाडी क्षेत्रमा अवस्थित यस स्थानबाट दाङ उपत्यकाको मनोरम दृश्यावलोकन गर्न सकिन्छ । प्राकृतिक सौन्दर्य, ऐतिहासिक महत्व तथा स्थानीय संस्कृति–परम्पराका कारण छिल्लीकोट पछिल्लो समय आन्तरिक पर्यटनको आकर्षक केन्द्रका रूपमा विकास हुँदै गएको छ ।

स्थानीय जनश्रुतिअनुसार प्राचीन समयमा यहाँ सुरक्षात्मक दृष्टिले एक बलियो "कोट" अर्थात् किल्ला निर्माण गरिएको थियो । यही "कोट" शब्दसँग जोडिएर यस क्षेत्रलाई "छिल्लीकोट" भनिएको मानिन्छ । नेपालका अन्य पहाडी कोटहरूजस्तै छिल्लीकोटपनि तत्कालीन राज्य संरचना, सामरिक सुरक्षा तथा प्रशासनिक व्यवस्थासँग सम्बन्धित स्थानका रूपमा विकसित हुदै स्वतन्त्र राज्यको रुपमा विकशित भएको देखिन्छ ।

भौगोलिक रुपमा हाल तुलसीपुर उपमहानगरपालीका वडा नं. १९ मा पर्ने छिल्लीकोट हरियाली वन, डाँडाकाँडा तथा जैविक विविधताले सम्पन्न क्षेत्र हो । यहाँको ऐतिहासीक महत्व र कालिका मालिका भगबतीको मन्दिरका अतिरीक्त यहाँको शान्त वातावरण, सूर्योदय तथा सूर्यास्तको मनोरम दृश्य र दाङ उपत्यकाको विहंगम दृश्यावलोकनका कारण यसको पर्यटकीय महत्व पनि बढ्दै गएको छ । सांस्कृतिक रूपमा यहाँ विभिन्न जातजाति तथा समुदायहरूको सहअस्तित्व पाइन्छ । स्थानीय समुदायले मौलिक भाषा, भेषभूषा, संस्कृति तथा धार्मिक परम्परालाई निरन्तर संरक्षण गर्दै आएका छन् ।

दाङ क्षेत्रको इतिहासबारे विभिन्न अध्ययनहरू प्रकाशित भए तापनि छिल्ली राज्यको स्थापना, राजनीतिक अवस्थिति, क्षेत्रीय विस्तार, समाप्तीका सम्बन्धका विषयमा पर्याप्त र व्यवस्थित अध्ययन भएको पाइँदैन । उपलब्ध ऐतिहासिक सामग्रीहरूमा छिल्ली राज्यको उत्पत्ति, स्थापना मिति, शासकहरूको क्रम तथा राज्यको अन्त्यका सम्बन्धमा परस्पर विरोधी मतहरू भेटिन्छन् । एक लेखकले छिल्ली राज्यको स्थापना विक्रम संवत् १७३७ मा भएको उल्लेख गरेका छन् भने अन्य स्रोतहरूले यसभन्दा धेरै अघिदेखि नै छिल्ली राज्य अस्तित्वमा रहेको संकेत गरेका छन् । उपलब्ध अभिलेख, वंशावली, ताम्रपत्र तथा ऐतिहासिक सामग्रीहरू विभिन्न स्थानमा छरिएर रहेका र तिनको तुलनात्मक अध्ययन कम भएकाले छिल्ली राज्यको इतिहास अझै अस्पष्ट रहन गएको देखिन्छ ।

## १.२. अध्ययनको समस्या

ऐतिहासिक सामग्रीहरूको अभाव र प्राप्त सामग्रीहरूको पनि तुलनात्मक अध्ययनको कमीले यस अध्ययनको मूल समस्या निर्माण गरेको छ । छिल्ली राज्यको वास्तविक ऐतिहासिक पृष्ठभूमि के थियो ? यसको स्थापना कहिले र कसरी भयो ? खस साम्राज्य, सिँजा राज्य, दाङको थारू राज्य तथा नेपाल एकीकरणसँग यसको सम्बन्ध कस्तो थियो ? छिल्ली राज्यको राजनीतिक विस्तार, शासकीय संरचना तथा अन्त्यका कारणहरू के थिए ? यिनै जिज्ञासाबाट प्रस्तुत अध्ययनका शोध प्रश्नहरू निर्माण भएका छन् । विशेषतः (क) छिल्ली राज्यको उत्पत्ति र ऐतिहासिक विकासक्रम के थियो ? (ख) छिल्ली राज्यको स्थापना, विस्तार र शासन संरचना कस्तो थियो ? (ग) छिल्ली राज्यको अवसान कहिले र कसरी भयो ? भन्ने प्रश्नहरूको उत्तर खोज्ने प्रयास यस अध्ययनले गरेको छ ।

## १.३. अध्ययनको उद्देश्य

उपरोक्त समस्याको समाधानका लागि प्रस्तुत अध्ययनले छिल्लीकोटको ऐतिहासिक पृष्ठभूमि, छिल्ली राज्यको स्थापना तथा विकासक्रम, शासन परम्परा, राज्य विस्तार, नेपाल एकीकरणकालीन अवस्था तथा राज्यको अवसान प्रक्रियाको विश्लेषण गर्ने उद्देश्य राखेको छ । साथै उपलब्ध ऐतिहासिक स्रोतहरूको तुलनात्मक अध्ययनमार्फत छिल्ली राज्यको ऐतिहासिक महत्वको पुनर्मूल्याङ्कन गर्नु पनि अध्ययनको प्रमुख उद्देश्य रहेको छ ।

## २. अध्ययन विधि

प्रस्तुत अध्ययन गुणात्मक (Qualitative) अनुसन्धान पद्धतिमा आधारित ऐतिहासिक अध्ययन

हो । अध्ययनको मुख्य उद्देश्य दाङ क्षेत्रको मध्यकालीन छिल्ली राज्यको उत्पत्ति, विकास, विस्तार तथा अवसानसँग सम्बन्धित ऐतिहासिक तथ्यहरूको खोज, परीक्षण र विश्लेषण गर्नु रहेको छ । यस अध्ययनमा ऐतिहासिक अनुसन्धान ढाँचा (Historical Research Design) अवलम्बन गरिएको छ, जसअन्तर्गत उपलब्ध स्रोतहरूको आलोचनात्मक परीक्षण, तुलनात्मक अध्ययन तथा व्याख्यात्मक विश्लेषण गरिएको छ।

तथ्य सङ्कलनका लागि प्राथमिक तथा द्वितीयक दुवै प्रकारका स्रोतहरूको उपयोग गरिएको छ । प्राथमिक स्रोतअन्तर्गत योगी नरहरिनाथद्वारा सम्पादित प्राथमिक स्रोतहरु (edited primary source) सन्धिपत्र तथा ताम्रपत्र सङ्ग्रह, विभिन्न वंशावलीहरू, अभिलेखहरू, दानपत्रहरू तथा छिल्ली राज्यसँग सम्बन्धित उपलब्ध ऐतिहासिक दस्तावेजहरूको अध्ययन गरिएको छ । साथै छिल्लीकोट क्षेत्रको भौगोलिक अवस्थिति, किल्ला रहेको स्थान, कालिका–मालिका भगवती मन्दिर तथा स्थानीय ऐतिहासिक अवशेषहरूको स्थलगत अवलोकनबाट प्राप्त सूचनालाई समेत सहायक सामग्रीका रूपमा उपयोग गरिएको छ । स्थानीय जनश्रुति तथा पूर्वप्रकाशित अनुसन्धान सामग्रीहरूलाई ऐतिहासिक तथ्यहरूको सन्दर्भगत व्याख्याका लागि प्रयोग गरिएको छ ।

द्वितीयक स्रोतअन्तर्गत खस साम्राज्य, सिँजा राज्य, दाङ तथा बाइसी–चौबिसी राज्यसम्बन्धी प्रकाशित पुस्तकहरू, अनुसन्धानात्मक लेखहरू तथा इतिहाससम्बन्धी अन्य कृतिहरूको अध्ययन गरिएको छ । विभिन्न स्रोतहरूबाट सङ्कलित तथ्यहरूलाई विषयवस्तुका आधारमा वर्गीकरण (Classification) गरी कालक्रमअनुसार व्यवस्थित गरिएको छ । त्यसपछि तिनको सम्पादन, तुलना तथा पारस्परिक परीक्षण (Cross Verification) मार्फत तथ्यहरूको विश्वसनीयता मूल्याङ्कन गरिएको छ ।

तथ्य विश्लेषणका क्रममा उपलब्ध अभिलेख, वंशावली, ताम्रपत्र, जनश्रुति तथा प्रकाशित सामग्रीहरूबीचको समानता, भिन्नता र अन्तर्विरोधहरूको तुलनात्मक अध्ययन गरिएको छ । विशेषतः छिल्ली राज्यको स्थापना, वंशावली, राज्यको विस्तार तथा नेपाल एकीकरणपछिको राजनीतिक अवस्थासम्बन्धी फरक–फरक मतहरूलाई ऐतिहासिक तथ्यका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । प्राप्त तथ्यहरूलाई मध्यकालीन पश्चिम नेपालको राजनीतिक परिवेश, खस साम्राज्यको विघटन, बाइसी राज्यहरूको उदय तथा नेपाल एकीकरण प्रक्रियासँग सम्बन्धित व्यापक ऐतिहासिक सन्दर्भभित्र राखेर छलफल गरिएको छ ।

ऐतिहासिक तथा गुणात्मक अध्ययन भएकाले परिमाणात्मक अनुसन्धानमा प्रयोग हुने सांख्यिकीय कोडिङ, आवृत्ति गणना वा गणनात्मक तालिकीकरण गरिएको छैन । तथापि छिल्ली राज्यको स्थापना विस्तार, वंशक्रम तथा राज्यको अवसानसम्बन्धी विभिन्न लेखकहरूले प्रस्तुत गरेका मतहरूलाई तुलनात्मक अध्ययनका लागि तालिकीकरण गरिएको छ ।

उपलब्ध स्रोतहरूको आलोचनात्मक परीक्षण, तुलनात्मक विश्लेषण तथा ऐतिहासिक सन्दर्भहरूको व्याख्याबाट अध्ययनको निष्कर्ष निर्माण गरिएको छ । यद्यपि छिल्ली राज्यसँग सम्बन्धित अभिलेखीय सामग्री सीमित रहेको र कतिपय स्रोतहरूमा कालक्रमगत तथा तथ्यगत मतभेद पाइने भएकाले प्रस्तुत निष्कर्षलाई थप अभिलेखीय तथा पुरातात्त्विक अनुसन्धानबाट अझ परिष्कृत गर्न सकिने सम्भावना रहेको छ।

## ३. मुख्य प्राप्ती

### ३.१. छिल्लीकोट (दाङ) र सिँजा राज्यको सम्बन्ध

१३ औं शताब्दीसम्म दाङको थारू राज्य स्वतन्त्र नै थियो । त्यो बेलामा सिंजाका चल्ल राजाहरू शक्तिशाली हुँदै गइरहेका थिए। सिँजा राज्य विस्तार हुँदा दाङ पनि सिँजाको अधीनमा गयो । सिँजाले दाङलाई

कहिले अधीनमा राख्यो भन्ने कुरा यकिन मिति नभए पनि राजा क्राचल्ल वा उनका छोरा अशोक चल्लको पालामा दाङ सिँजाको अधीनमा गएको देखिन्छ। राजा क्राचल्ल वि. सं. १२६८ मा राजा भएका थिए। उनले १२८० मा कुमाउमा अधिकार स्थापित गरेका थिए। उनका छोरा अशोक चल्ल निकै शक्तिशाली सेनापति थिए। लेखकहरूले क्राचल्लका छोरा अशोक चल्लको कार्यकाल विक्रम संवत् १३१२ देखि सुरु भएको मानेका छन्, ( अधिकारी, २०६१, पोखरेल, २०७५)।

क्राचल्लको समयमा दाङ सिँजाको अधीनमा पुगेको यकिन प्रमाण नभेटिए पनि अशोक चल्लको पालामा भने दाङ सिँजाको अधीनमा गइसकेको प्रमाणहरू भेटिएका छन्। बोधगयाका अभिलेखहरूमा अशोक चल्ललाई सपादलक्ष शिखरिणी र खस राज्यको राजा भन्ने उल्लेख गरिएको छ। यो अभिलेख वि. सं १३१२ (सन् १२५५) को मानिएको छ ( पोखरेल, २०७५)। लेखकहरूले सपादलक्ष शिखरिणी भनेकोनै सवालाख चुचुरा अर्थात् शिवालिक (चुरे) क्षेत्र हो भनी व्याख्या गरेका छन्। योगी नरहरिनाथका अनुसार अघि दाङ देउखुरी सपादलक्ष झाडखण्ड अथवा सवालाख झाडखण्डका नामले प्रख्यात थियो (ज्ञवाली, २०७७, पृ. ७५)। यसै गरी टेकनाथ गौतमका असुसार सपादलक्ष शिखरिणी भनेको शिवालिक क्षेत्र अर्थात् दाङ देउखुरी हो (गौतम, २०४४, पृ. २९)।

अशोक चल्ललाई 'सपादलक्ष शिखरिणी' को राजा भनिएको बोधगया अभिलेख र दाङ क्षेत्रलाई सपादलक्ष झाडखण्ड भनिएको माथी उल्लेखीत तथ्यबीच तुलना गर्दा दाङ क्षेत्र खस साम्राज्यको प्रभाव क्षेत्रभित्र रहेको देखिन्छ। अशोक चल्ल सेनापति र राजा गरी ६० वर्ष खस राज्यको शक्तिमा रहेका थिए (पोख्रेल, २०७५)। त्यसैले दाङ क्राचल्लका समयदेखि अशोक चल्लको पराक्रमले खस राज्यको अधीनमा पुगेको हो भन्न सकिन्छ।

ऐतिहासिक राज्य निर्माण सिद्धान्तअनुसार सीमावर्ती क्षेत्रहरूमा सुरक्षा किल्ला निर्माण गरी राज्यले आफ्नो प्रभुत्व कायम राख्ने प्रवृत्ति देखिन्छ। छिल्लीकोटको स्थापना पनि यही सामरिक आवश्यकतासँग सम्बन्धित रहेको देखिन्छ। अशोक चल्लहरूको समयमा भारतमा मुसलमानहरूको आक्रमण सुरु भइसकेको थियो। त्यसैले मुसलमानबाट खस प्रदेशलाई बचाउनको लागि उनीहरूले चुरे तथा शिवालिक क्षेत्रमा धैरै मजबुत किल्लाहरू निर्माण गरेकाहुन। यही क्रममा दाङको उत्तरी क्षेत्रको टाकुरामा पनि मजबुत किल्ला स्थापना गरियो। चल्लले स्थापना गरेको चल्लकोटबाट चल्लीकोट हुँदै छिल्लीकोटमा परिणत भयो।

### ३.२. छिल्ली राज्यको स्थापना

जुम्लामा कत्याल वंशका राजा बलिराजको शासन सुरु भएको अवधिलाई खस राज्यको विघटनको अवधि मानिन्छ। जुम्लामा बलिराज वि.सं. १४५५ सालमा राजा भइसकेको थाहा हुन्छ। त्यसैले १४५५ सालको आसपासमै दाङ तथा छिल्ली छुट्टै राज्यको रुपमाहरू फेरि स्वतन्त्र भए।

योगी नरहरिनाथ द्वारा सङ्कलित वंशावलीमा नरीबम्मका जेठा छोरा राजबम्मको अपुताली परेपछि माहिलो छोरा जयती बम्म बझाङको र कान्छो छोरा श्रीम्म दाङको राजा भएको उल्लेख छ (योगी,२०२२ पृष्ठ ५८५ )। त्यसैगरी राजा हरि बर्मा र कुँवर जयती बर्माले वि. सं. १४२९ मा वीरशिद्ध जैसीलाई भूमिदान दिएको ताम्रपत्रमा सिरुबम्म ठाकुर लाइ पनि साछी राखिएको छ। (सुवेदी, सन् १९७९, पृ. ९०)। यसको अधारमा वंशावलीमा उल्लेख गरिएका नरिबम्म र ताम्रपत्रमा उल्लेख गरिएका हरि बम्म एउटै भएको र तिनका तीन भाइ छोरा राज बम्म, जयती बम्म र श्रीबम्म भएको प्रा. डा. सूर्यमणि अधिकारीले दाबी गरेका छन् ( अधिकारी, २०६१)। अधिकारीले प्रकाशति गरेका सिँजाका राजा अभय मल्लका वि. सं. १४३३ को र वि. सं. १४३४ का दुईवटा र वि. सं १४४८ को दानपत्रमा समेत श्रीबम्म(बर्मा)साक्षीमा रहेका छन्।

यसको आधारमा श्री वम्म अभयमल्लका समकालीन देखीएका छन् ।

बझाङ वंशावलीमा श्रीबम्मलाई दाङका राजा हुन गएको लेखीएको भएतापनी राजाराम सुवेदीले बझाङ वंशावलीमा श्रीबम्मलाई दाङ तुलसीपुरका राजा हुन गए भनि वर्णन गरीएको उल्लेख गरेका छन् (सुवेदी, सन् १९७९, पृ. ७९) । तर ऐतिहासकि स्रोतको आधारमा श्रीवम्मको समयमा तुलसीपुर राज्य अस्तित्वमानै थिएन । अर्को प्रशंगमा सुवेदीले बझाङबाट दलिसिंह दाङको राजा हुन आएको उल्लेख गरेका छन् (सुवेदी, २०५४, पृ. ३९५) । दली सिंह सुजान सिंहको भाइ भएको र सुजान सिंहको कार्यकाल वि.सं. १५५० मा सुरु भएकाले दली सिंह पनि वि.सं. १५५० वा त्यसपछी मात्र दाङ आएको लेखकहरूले उल्लेख गरेका छन् । तर माथी उल्लेखीत वझाँगी वंशावलीमा जयती बम्म पछि मलई बम्म र मलई बम्मपछि शक्ति सिंह र शक्ति सिंहपछि सुजान सिंह राजा भएको उल्लेख छ । यो वंशावलीमा दाङमा राजा हुन आएको लेखीएका श्रीबम्मलाई दली सिंहभन्दा ३ पुस्ता अगाडि देखाइएकोले यो प्रसङ्गलाई पनि विचार गर्नुपर्ने हुन्छ । टेकनाथ गौतमले मिति नदिएरै अशोक चल्ल पछिका कुनै सिँजाली सम्राटले बाजुराका सिंहवंशी भुसाल ठकुरीका छोरालाई आफ्नी छोरी र छिल्लीको राज्य दिई त्यहाँ पठाएर सुकौराका थारूमाथि सामन्त गराई राखेको उल्लेख गरेका छन् (गौतम, २०५०, पृ. ६५) ।

बझाङ वंशावलीमा श्री बम्म दाङका राजा भएको उल्लेख गरिएको भएपनी उनलाई दाङसँग नभई छिल्ली राज्यसँग जोड्न उचित हुन्छ । दाङको राजा हुन आएको भनिएका श्रीबम्म अभय मल्लको पालाका देखिएका छन् । सम्भवतः अभय मल्ललेनै आफ्ना निकट सहयोगी श्रीबम्मलाई छिल्लीको सामन्त बनाएको देखिन्छ । अभय मल्लको शासनकाल वि.सं. १४३३ देखि १४४८ सालसम्म पाइएकाले यही अवधि बिचमै श्रीबम्म दाङ (छिल्ली) का राजा हुन आएको देखिन्छ । अर्थात वि.सं. १४३३ देखि १४४८ को विचमा छिल्ली राज्यको स्थापना भएको मान्नु पर्ने हुन्छ ।

यद्यपि छिली राज्य स्थापनाको सन्दर्भमा डा. बमबहादुर अधिकारीले विक्रम सम्वत १७३७ मा स्थापना भएको उल्लेख गरेका छन् । (अधिकारी, २०७५, पृ. २५८) तर स्रोतहरूले यो कुरालाई खण्डन गर्छन् । बालकृष्ण पोख्रेलद्वारा ५०० वर्ष पुस्तकमा संग्रहित विक्रम सम्वत १६०० अघिको मानिएको पण्डित गदाधरपाध्या सुवेदीको अर्जीपत्रमा कन्या ता छिल्ली दाङमा बढिया छन् भन्थ्या, क्यान क्यान पाइ पर्याजसो नलाग्दा मुकाम भयान लेखिएको छ (पोख्रेल, २०८१, पृ. ५९ ) । यसले छिल्ली विक्रम सम्वत १६०० अगाडि नै राज्यको रूपमा अस्तित्वमा थियो भन्ने पुष्टि हुन्छ ।

तालिका : १ छिल्ली राज्य स्थापनाकाल

| क्र.सं. | विद्वान/लेखक | स्थापना काल (वि.सं.) | मुख्य आधार/स्रोत | टिप्पणी |
|---|---|---|---|---|
| १ | सूर्यमणि अधिकारी | १४३३–१४४८ | अभय मल्लको दानपत्र | श्रीबम्मसँग जोडिएको आधारमा |
| २ | डा. बमबहादुर अधिकारी | १७३७ | बाइसी–चौबीसी राज्य अध्ययन | अन्य स्रोतले खण्डन गरेका छन् |
| ३ | टेकनाथ गौतम | अशोक चल्ल पछिको अवधि | स्थानीय जनश्रुति र वंशावली | नाम र मिति उल्लेख नभएको |
| ४ | बालकृष्ण पोखरेल | १६०० भन्दा पहिले | गदाधर सुवेदीको अर्जीपत्र | प्राप्त सामग्री मध्ये सबैभन्दा पुरानो प्रमाण |

यस आधारमा छिल्ली राज्यको स्थापना वि.सं. १७३७ सालमा भएको भन्ने मतभन्दा मध्यकालीन सिँजा राज्यको राजनीतिक पुनर्संरचनासँग जोडिएको व्याख्या बढी विश्वसनीय देखिन्छ।

**३.३. छिल्ली राज्यको विस्तार**

प्रारम्भमा छिल्ली राज्य सानो आकारको थियो। छिल्ली राज्य स्थापना हुँदा दाङ सुकौरामा थारू राजा दानसिंह दनुवार राजा थिए र सुकौराका राजा दानसिंह, हापुरका मणी पाण्डे र छिल्लीका राजा मेघबहादुर मिलेर माडीदेखि पश्चिमका टाकुरे राजा मासेर राज्य विस्तार गरे। सुरुमा सवारीकोट मणि पाण्डे (मणिपरीक्षक) लाई थापलाको रुपमा दिइएको थियो (गौतम, २०५०, पृ. ६६)। तर मणि पाण्डेलाई त्यति सन्तुष्टि मिलेको थिएन। उता थारू राज्य भने विस्तारै बलियो हुँदै गइरहेको थियो। छिल्लीका राजा मेघबहादुरको निधनपछि छिल्ली राज्य कमजोर भएको मौका छोपी मणि पाण्डेले आफूलाई मणि परीक्षकको रूपमा सवारीकोटको राजा घोषणा गरे। कसै–कसैले मणिपरीक्षक बाहुन नभएर थारू राजा हुन् भनी उल्लेख गर्दै उनलाई मणिपारखु भनि पुकारेका छन्। थारू बाहुल्य क्षेत्र भएकाले परीक्षकलाई पारखु सम्बोधन गरिएको पनि हुन सक्छ। एउटा झाँक्री उख्खामा " तल अरङखोली बाइसे घाट, बाइको राजा रतन पाण्डे" भनी उल्लेख गरिएको छ (आचार्य, २०६२, पृ. ३१६)। यसबाट मणि र रतन दुवै पाण्डे भएको मान्ने तर्कमा बल पुग्छ।

मणिपरीक्षकपछि उनका छोरा रत्न परीक्षक राजा भए। उता सुकौराका राजा दानबहादुर सिंहपछि उगर सिंह र उगर सिंहको निधनपछि नाबालक माधव सिंह राजा भए। माधव सिंह युवा भएपछि सुकौरा राज्यभित्र भाइ भारदारबिच खटपट भएको थियो। यही मौकामा रत्नपरीक्षकले छिल्लीको समेत सहमतिले वि.सं. १४८० माघ ३ गते राति सुकौरामाथि आक्रमण गरे। (गौतम, २०५०, पृ. ६१) माधवराज सिंहको राज्य खोसेर छिल्लीबाहेकको समुच्च दाङको राजा घोषणा गरे। केही भूभाग छिल्ली राज्यमा समेत थपिदिएकोले छिल्ली राज्य विस्तार भयो। छिल्ली राज्य को समाप्तीसम्म छिल्लीको पूर्व माडीसाँध, दक्षिण बलरामपुर (भारत) तथा पश्चिम र उत्तर सल्यानासितको साँध कायम थियो।

**३.४. छिल्ली राज्यको वंशावली र शासकहरू**

छिल्लीको वंशावलीमा माथी उल्लेखीत श्रीबम्मको नाम कतै उल्लेख गरेको भेटिँदैन। सुकौराका राजा दानसिंहको समयमा मेघबहादुर छिल्लीका राजा भएको उल्लेख गरिएको छ। लेखक श्रीधर मजगैयाँले मेघनाथ शाह नै छिल्लीको प्रथम राजा भएको उल्लेख गरेका छन् (मजगैयाँ, २०५३,)। सिँजा प्रदेशबाट मेघबहादुरलाई नै छिल्लीमा स्थापित गराइएको अन्य कुनै प्रमाण वा सङ्केत नपाइएकाले छिल्लीका प्रथम राजा भनिएका मेघबहादुर(मेघनाथ) सम्भवतः श्रीबम्म वा उनकै कुनै उत्तराधिकारी हुन् भन्न सकिन्छ। टेकनाथ गौतमले जुम्लाको प्रभाव खिइन लागेपछि छिल्लीकै सम्भवतः मेघबहादुरलेनै दिल्ली दरबारसित सम्पर्क राखी शाह पदवी पाएर मेघबहादुर शाह बनेको उल्लेख गरेका छन् (गौतम, २०५०, पृ. ६६ )। छिल्ली राज्यको स्थापना जस्तै त्यहाँको राजाहरूको शासन अवधिको बारेमा स्पष्ट पार्ने सामग्रीहरूको अभाव छ। यद्यपि केही लेखकहरूले छिल्ली राज्यको वंशावली सार्वजनिक गरेका छन्। नारायण प्रसाद आचार्यले अशोक मल्लका छोरा जुम्ला सिंजाका सिंजाली सम्राटले पश्चिम बाजुराका सिंहवंशी भुसाल थरका भद्रजंग शाहका छोरा वीर जंगशाह लाई आफ्नी छोरी र छिल्लीको राज्य दिई राजा वनाएको उल्लेख गरेका छन्। लेखकले पुस्तकमा विभिन्न नौ पुस्ताको नाम उल्लेख गरेपनि विश्वस्त हुने आधार भने देखिँदैन। ती राजाहरूले शासन गरेको विक्रम सम्वत र समयावधि हेर्दा यो पत्यार लाग्दो देखिँदैन। उनले उल्लेख गरेको वंशावली यस प्रकार छ

(१) श्री वीर जंग शाह लाई आफ्नी छोरी र छिल्ली राज्य दिए। वि.सं. ६५९–७२०–६१ वर्ष
(२) श्री हर्ष जंग शाह वि.सं ७२०–८२०–१०० वर्ष
(३) श्री हिम्मत जंग शाह वि.सं. ८२०–९२५–१०५ वर्ष
(४) श्री सकमाङ्गद शाह वि.सं. ९२५–१०२५–१०० वर्ष
(५) श्री यज्ञजंग शाह वि.सं. १०२५–११२५–१०० वर्ष
(६) श्री विरुचन शाह ११२५–१२२५–१०० वर्ष
(७) श्री मेघ बहादुर शाह वि.सं. १२२५–१३००–७५ वर्ष (वि.सं. १२६८/६/१५ मा प्यूठान उदयपुरको राज्य श्री जसुधरलाई दिए )
(८) श्री बसन्त शाह वि.सं. १३००–१४०५–१०५ वर्ष
(९) श्री हर्क जंग शाह वि.सं. १४०५–१५३०–१२५ वर्ष (१५३० देखि १७९६ सम्म३ पुस्ता पत्ता लाग्दैन)
(१०) वि.सं. १७९६ देखि छिल्ली राज्यका राजा वीर भद्र शाह निसन्तान १८४८ वि.सं. मा मृत्यू। (आचार्य, ....., पृ. ६१,६२)

राजाराम सुवेदीले आफ्नो पुस्तक कर्णाली प्रदेशको मध्यकालीन इतिहासमा अधुरो रूपमा प्राप्त भएको भन्दै एउटा वंशावली प्रकाशित गरेका छन्। जसमा दानबहादुर शाह मेघराज शाह वीरभद्र शाह र सिद्ध प्रताप शाह को नाम उल्लेख गरेका छन् (सुवेदी, २०५४, पृ. २८८)। यद्यपि मेघराज शाह र वीरभद्र शाह बाहेक अन्य राजा भएको ठोस प्रमाण भेटिएको छैन। उनले टेकनाथ गौतमको हवाला दिएर सिद्ध प्रताप शाह वीरभद्र पछि राजा भएको उल्लेख गरेपनि स्वयं टेकनाथ गौतमले आफ्नो पुस्तकमा वीरभद्र शाह निसन्तान रहेकोले उनीपछि उनका भतिजा शिव शाहीलाई राजा बनाउन खोजेको भएपनि बनाउन नसकेको उल्लेख गरेका छन् (गौतम, २०५०, पृ. ६६) ।

त्यसैगरी श्रीधर मजगैयाँले आफ्नो पुस्तक मजगैयाँहरुको वंशावलीमा छिल्लीका राजाहरूमा मेघबहादुर शाह, त्यसपछी ५ पुस्ता अज्ञात र वीरभद्र शाहको नाम उल्लेख गरेका छन् (मजगैयाँ, २०५३, पृ.४)। टेकनाथ गौतमले आफ्नो पुस्तकमा कुन राजाले कहिलेदेखि कहिलेसम्म शासन गरे भन्ने पत्ता नलागेको र मेघबहादुर शाह र वीरभद्र शाह ले शासन गरेको प्रमाणहरू मात्र भेटिएको उल्लेख गरेका छन्। (गौतम, २०५०, पृ. ६६)। प्राप्त वंशावलीलाइ यसरी तालीकामा राखेर तुलना गर्न सकिन्छ।

तालिका : २ छिल्लीका वंशावलीहरुको तुलना

| नारायण प्रसाद आचार्यका अनुसार | राजाराम सुवेदीका अनुसार | श्रीधर मजगैयाँका अनुसार | टेकनाथ गौतमका अनुसार |
|---|---|---|---|
| वीर जंग शाह | | | |
| हर्ष जंग शाह | | | |
| हिम्मत जंग शाह | | | |
| सकमाङ्गद शाह | | | |
| यज्ञजंग शाह | | | |
| विरुचन शाह | दानबहादुर शाह | | |
| मेघ बहादुर शाह | मेघराज शाह | मेघबहादुर शाह | मेघबहादुर शाह |

| | | | |
|---|---|---|---|
| बसन्त शाह | | अज्ञात | |
| हर्क जंग शाह | | अज्ञात | |
| अज्ञात | | अज्ञात | |
| अज्ञात | | अज्ञात | |
| अज्ञात | | अज्ञात | |
| वीर भद्र शाह | वीरभद्र शाह | वीर भद्र शाह | वीरभद्र शाह |
| | सिद्धि प्रताप शाह | | |

छिल्ली राज्यका शासकहरूको सम्बन्धमा उपलब्ध वंशावलीहरूबीच उल्लेखनीय भिन्नता पाइन्छ। नारायण प्रसाद आचार्य, राजाराम सुवेदी, श्रीधर मजगैयाँ तथा टेकनाथ गौतमले प्रस्तुत गरेका विवरणहरू एकअर्कासँग पूर्ण रूपमा मेल खाँदैनन्। यसले छिल्ली राज्यको इतिहास पुनर्निर्माण गर्दा स्रोतहरूको आलोचनात्मक अध्ययन आवश्यक रहेको देखाउँछ।

नारायण प्रसाद आचार्यले प्रस्तुत गरेको वंशावलीमा वीरजंग शाहदेखि वीरभद्र शाहसम्म नौ पुस्ता उल्लेख गरिएका छन् तर उक्त वंशावलीमा अधिकांश शासकहरूको शासनकाल ७५ वर्षदेखि १२५ वर्षसम्म देखाइएको छ, जुन ऐतिहासिक दृष्टिले अस्वाभाविक देखिन्छ। सामान्यतः राजवंशहरूमा एक पुस्ताको औसत अवधि २० देखि ३० वर्ष मानिन्छ तर आचार्यद्वारा प्रस्तुत वंशावलीमा कतिपय शासकहरूले एक शताब्दीभन्दा बढी शासन गरेको देखाइएकाले यसको ऐतिहासिक विश्वसनीयतामा प्रश्न उठ्छ। इतिहास लेखनको स्रोत–समालोचनात्मक सिद्धान्तअनुसार कुनै स्रोतको आन्तरिक संगति (internal consistency) कमजोर भएमा त्यसलाई सावधानीपूर्वक प्रयोग गर्नुपर्छ। यस आधारमा आचार्यको वंशावलीलाई पूर्ण ऐतिहासिक तथ्यभन्दा पनि स्थानीय परम्परा वा स्मृतिमा आधारित विवरणका रूपमा लिन उपयुक्त हुन्छ।

राजाराम सुवेदीले दानबहादुर शाह, मेघराज शाह, वीरभद्र शाह र सिद्धिप्रताप शाहको नाम उल्लेख गरेका छन्। तर यीमध्ये मेघराज शाह र वीरभद्र शाह बाहेक अन्य शासकहरूको अस्तित्व पुष्टि गर्ने अभिलेखीय प्रमाण हालसम्म प्राप्त भएको छैन। विशेषगरी सिद्धिप्रताप शाहको विषयमा सुवेदीले टेकनाथ गौतमलाई आधार माने पनि स्वयं गौतमले वीरभद्र शाह निसन्तान रहेको र उनको मृत्युपछि उत्तराधिकार विवाद उत्पन्न भएको उल्लेख गरेका छन्। यसले सुवेदीको वंशावलीमा समेत द्वितीयक स्रोतको पुनर्व्याख्या गरिएको सम्भावना देखाउँछ।

श्रीधर मजगैयाँको विवरण तुलनात्मक रूपमा बढी संयमित देखिन्छ। उनले मेघबहादुर शाह र वीरभद्र शाहलाई मात्र निश्चित रूपमा उल्लेख गर्दै बीचका पाँच पुस्तालाई अज्ञात राखेका छन्। ऐतिहासिक अनुसन्धानको दृष्टिले अपुष्ट जानकारीलाई अनुमानका आधारमा भर्नुभन्दा अज्ञात स्वीकार गर्नु बढी वैज्ञानिक मानिन्छ। त्यसैले स्रोत–समालोचनाको दृष्टिले मजगैयाँको प्रस्तुति अपेक्षाकृत विश्वसनीय देखिन्छ।

यसैगरी टेकनाथ गौतमले पनि मेघबहादुर शाह र वीरभद्र शाह बाहेक अन्य शासकहरूको स्पष्ट प्रमाण फेला नपरेको स्वीकार गरेका छन्। इतिहास अनुसन्धानमा प्रमाणित तथ्य र अनुमानित तथ्यबीच भिन्नता कायम राख्नुपर्ने मान्यता अनुसार गौतमको निष्कर्ष तुलनात्मक रूपमा बलियो देखिन्छ।

उपलब्ध वंशावलीहरूको तुलनात्मक अध्ययन गर्दा सबै स्रोतहरूमा मेघबहादुर शाह र वीरभद्र

शाह को नाम दोहोरिएर आएको पाइन्छ। इतिहास अनुसन्धानको "बहुस्रोत प्रमाणीकरण" (multiple source corroboration) सिद्धान्तअनुसार विभिन्न स्वतन्त्र स्रोतहरूमा समान रूपमा उल्लेख भएका व्यक्तिहरूको ऐतिहासिक अस्तित्व बढी विश्वसनीय मानिन्छ। त्यसैले छिल्ली राज्यका शासकहरूमध्ये मेघबहादुर शाह र वीरभद्र शाहको अस्तित्व सबैभन्दा बढी प्रमाणित देखिन्छ। अन्य शासकहरूको सम्बन्धमा भने थप अभिलेखीय वा पुरातात्त्विक प्रमाणको आवश्यकता रहेको देखिन्छ।

### ३.५. नेपाल एकीकरण र छिल्ली राज्यको अवसान

नेपाल एकीकरणको समयमा छिल्ली राज्यको राजनीतिक अवस्थिति निकै जटिल देखिन्छ। पृथ्वीनारायण शाहले आफ्नी छोरी विलासकुमारीको विवाहको क्रममा दाङक्षेत्र सल्यानलाई दिने वचन दिएका थिए। सोही वचनको आधारमा रणबहादुर शाहले दाङ जितेपछी दाङ सल्यानलाई थपिदिदा छिल्ली पनि सल्यानअन्तर्गत राखिदिएका थिए। छिल्ली सल्यानमा गाभिएपनि छिल्लीका राजा वीरभद्र शाहले नेपाल दरबारसँग प्रत्यक्ष सम्बन्ध कायम राखेका थिए। हेमल्टनले छिल्लीका राजा को काठमाडौँसँग वैवाहिक सम्बन्ध भएकोले उनलाई भीमसेन थापाले इज्जतका साथ काठमाडौँमा राखिएको उल्लेख गरेका छन्। (Hamilton, 1819 A.D.,p279)

एकीकरणपछिको कालमा लामो समयसम्म छिल्ली र सल्यानको अधिकारको लागि दोहोरी चलिरहेको पाइन्छ। सुरुमा पृथ्वीनारायण शाहले कुशवृता दिएको भन्दै दाङ दाइजो दिँदा रणबहादुर शाहले छिल्ली पनि फुपू विलास कुमारीलाई दिए। महेशचन्द्र रेग्मीद्वारा सम्पादित रेग्मी रिसर्च सिरिजमा सङ्कलित एउटा पत्र अनुसार फेरी वीरभद्र शाहले अर्घाको युद्धमा नेपाल सरकारको सेवा गरेको भन्दै छिल्लीलाई पुन अधिकार दिइयो (regmi,1989 A.D., pp. 418–419) । त्यसको केही समयपछी छिल्ली दाङ दाङको थाप्ला हो भन्दै फेरी सल्यानमा गाभियो। तर वीरभद्र शाहले यस निर्णयको विरोध गर्दै निवेदन दिए र छिल्ली स्वतन्त्र भएको पुष्टि गरे। त्यसैको आधारमा विसं १८६० भाद्रवदी ४ मा गिर्वाण युद्धले छिल्ली राज्यलाई सल्यानको अधिकार क्षेत्रबाट अलग गरी छिमेकी शासकहरुले कब्जा गरेको भूभागसहित पुन फिर्ता गरे।

यहाँनेर विचार गर्नुपर्ने कुरा के छ भने अर्घा दाङभन्दा दुई महिना पहिले नै विजयी भइसकेको थियो। १८४३ भाद्र २६ गते गोर्खाली सेनाले अर्घा विजय गरेको थियो भने कार्तिक २९ गते मात्र दाङ विजय गरेको थियो। यद्यपि अर्घा विजय गर्दा गोर्खाली सेनालाई निकै कठिनाइ भएको थियो। सम्भवत त्यो लडाईमा छिल्लीले गोर्खालीलाई सहयोग गरेको हुनसक्छ। यद्यपि केही लेखकहरूले छिल्ली गोर्खाको विपक्षमा रहेको उल्लेख गरेका छन् तर रणबहादुर शाहको पत्रमामा छिल्लीले गोर्खालाइ सहयोग गरेको स्पष्ट लेखिएकोले छिल्ली गोर्खाको विपक्षमा रहेको कुरा सान्दर्भिक देखिँदैन।

विसं १८६० भाद्रमा छिल्ली पुनर्बाहाली भएपछि सल्यानले बारम्बार छिल्ली फिर्ता पाउन काठमाडौँसँग पत्राचार गरिरहेको थियो। छिल्ली पुनः प्राप्त गर्नका लागि विलासकुमारी काँसी बासमा बसेका आफ्ना भतिजा रणबहादुर शाहसम्म पुगेकी थिइन्। विसं १८६० चैत्र बदी ७ को एउटै मितिमा रणबहादुर र गिर्वाणयुद्धका दुईवटा फरक फरक पत्र सल्यानको लागि लेखिएका छन् (योगी,२०२२ पृष्ठ ४०८ )। त्यसमा छिल्ली बहाली गरिदिन र यसमा दुःख नमान्न रणभिम शाहलाई आग्रह गरिएको छ।

छिल्लीका राजा वीरभद्र शाहको खुसी भने डेढ वर्षभन्दा बढी टिकेन। वि.सं. १८६१ माघसुदी ५ मा गिर्वाण युद्धविक्रम शाहले गरिदिएको ताम्रपत्र मार्फत "छिल्ली दाङको थापाला" भएको ठहर गरि छिल्ली पुन विलासकुमारीलाई फिर्ता दिइयो। त्यस ताम्रपत्रमा "श्री बुबाज्यू रणबहादुर शाहले बाइसी

चौबीसी राजा ध्वस्त गरी श्री जिउजु बाज्या पृथ्वीनारायण शाहले गरेको धर्मथामी थापाला समेत पहाड दाङ देउखुरी वहिडो मधेश चारैपट्टि फलाबाङको बहाली चलाई बस्कनु हुँदा छिल्ली दाङदेखि भिन्नै राज्य हो भनी छिल्यालीले दुई चारका हिमायतीले मोहर पाएछ। पछि फुपूबज्या विलासकुमारीले एक गाई दुई गोष हुने होइन भनी बिन्ती पार्दा वाउन्न लाख बसाई ठूलो कचरी गराई न्यायनिरूपण गर्दा छिल्ली दाङको थापाला ठहरियो र छिल्यालीलाई दियाको मोहर फिर्ता गराई छिल्ली समेत बहाली चलाई बस्कनु भएको हो। आज सोही धर्म थामी पूर्व माडीसाँध दक्षिण बलरामपुरसितको पुरानो साँध पश्चिम सल्यानसितको पुरानो साँध उत्तर सल्यानासितको साँध यति साँध भित्रको जग्गा र आफ्नो पुरानो सल्यानाको मुलुक भित्रको जग्गाको सर्वकर अकर गरी सर्वाक मारी मेटी बिर्ता बितलबको तामापत्र गरिबक्स्यो..." भन्ने भाकाहाली त्यतिबेलाका दरबारका प्रमुख व्यक्तिहरूलाई समेत साक्षी राखेको भेटिन्छ (योगी,२०२२ पृष्ठ ४०९-४१०)।

स्वतन्त्रता दिएको डेढ वर्षमै किन फेरि छिल्ली खोसियो भन्ने कुराको सन्दर्भमा यथेष्ट प्रमाणहरू भेटिएका छैनन्। वि.सं. १८६० को छिल्ली बहालीको पत्रले भने वीरभद्र शाह वि.सं.१८६० सम्म जीवितै रहेको पुष्टि हुने हुँदा सम्भवत १८६१ म वीरभद्रको मृत्युपछि छिल्ली सल्यानमा गाभिएको हुन सक्छ। तर विरभद्रको मृत्यु पुष्टि हुने आधार भेटिएका छैनन्। हेमिल्टनको विवरण तथा छिल्ली पुनर्बहालीसम्बन्धी पत्रहरूबाट हेर्दा वीरभद्र शाह केन्द्रसँग प्रत्यक्ष पहुँच राख्ने प्रभावशाली व्यक्ति थिए। राजनीतिक वैधताको सिद्धान्तअनुसार स्थानीय शासकहरूले आफ्नो अधिकार कायम राख्न केन्द्रसँगको सम्बन्धलाई उपयोग गर्ने गर्दछन्। छिल्ली राज्यको पुनर्बहालीका लागि वीरभद्र शाहले दरबारसमक्ष गरेको दाबी र त्यसको आधारमा प्राप्त बहालीले उनको राजनीतिक प्रभावलाई संकेत गर्दछ।

छिल्ली र सल्यानबीच देखिएको लामो विवादलाई केन्द्र–परिधि सम्बन्धको दृष्टिले पनि विश्लेषण गर्न सकिन्छ। केन्द्र (काठमाडौं दरबार)ले कहिले छिल्लीलाई स्वतन्त्र राज्यसरह मान्यता दिएको र कहिले सल्यानअन्तर्गतको थापाला ठहर गरेको थियो। यसले एकीकरणपछिको नेपालमा स्थानीय शक्ति संरचनाहरू अझै स्थिर नभइसकेको अवस्था झल्काउँछ। वास्तवमा छिल्ली र सल्यानबीचको विवाद स्थानीय स्तरको सीमाविवाद नभई केन्द्रको संरक्षण प्राप्त गर्ने दुई क्षेत्रीय शक्ति केन्द्रबीचको प्रतिस्पर्धा थियो भन्न सकिन्छ।

वि.सं. १८६० मा छिल्लीको पुनर्बहाली र वि.सं. १८६१ मा पुनः सल्यानमा गाभिने घटनाले नेपाल एकीकरणपछिको प्रशासनिक नीति स्थिर नभएको देखाउँछ। एक वर्षको अवधिमा आएको यस्तो परिवर्तनले दरबारभित्रको शक्ति सन्तुलन, राजपरिवारका सदस्यहरूको प्रभाव तथा स्थानीय राजनीतिक दबाबले निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका खेलेको संकेत गर्दछ। विशेषगरी विलासकुमारीको सक्रिय हस्तक्षेप र बारम्बारको निवेदनले छिल्लीको भविष्य निर्धारणमा दरबारी राजनीतिले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ।

छिल्ली राज्यको स्थापनाका सन्दर्भमा जस्तै अन्त्यका सम्बन्धमा पनि इतिहासकारहरूबीच मतभेद पाइन्छ। कतिपय लेखकहरूले वि.सं. १८४३ मै छिल्ली राज्यको अस्तित्व समाप्त भएको उल्लेख गरेका छन् टेकनाथ गौतम लगायतका लेखकहरूले १८४८ मा वीरभद्र शाहको मृत्युपछि छिली राज्यको अस्तित्व समाप्त भएको दाबी गरेका छन्। प्रस्तुत अध्ययनमा प्रयोग भएका पत्र तथा ताम्रपत्रहरूले वीरभद्र शाह वि.सं. १८६० सम्म जीवित रहेको र छिल्ली राज्य वि.सं. १८६१ सम्म अस्तित्वमा रहेको देखाउँछन्। इतिहास लेखनको स्रोत–समालोचनात्मक सिद्धान्तअनुसार समकालीन पत्र तथा ताम्रपत्रहरू

द्वितीयक विवरणभन्दा बढी विश्वसनीय मानिन्छन्। त्यसैले छिल्ली राज्यको अन्त्य वि.सं. १८४३ मा नभई वि.सं. १८६१ मा सल्यानमा अन्तिम रूपमा गाभिएपछि भएको निष्कर्ष बढी प्रमाणसंगत छ।

## ४. निष्कर्ष

प्रस्तुत अध्ययनबाट छिल्लीकोट र छिल्ली राज्यको इतिहासलाई केवल एउटा स्थानीय किल्ला वा सानो राज्यको इतिहासका रूपमा बुझ्न पर्याप्त हुँदैन भन्ने देखिन्छ। उपलब्ध अभिलेख, वंशावली, ताम्रपत्र तथा समकालीन पत्रहरूको विश्लेषण गर्दा छिल्ली राज्यको उत्पत्ति, विकास र पतनलाई मध्यकालीन पश्चिम नेपालको व्यापक राजनीतिक संरचनासँग जोडेर हेर्नुपर्ने देखिन्छ।

राज्य निर्माणसम्बन्धी सिद्धान्तहरूका अनुसार सुरक्षा, स्रोत नियन्त्रण, व्यापारिक मार्गको निगरानी तथा राजनीतिक प्रभुत्व कायम गर्ने आवश्यकताले राज्यको निर्माण र विस्तार हुन्छ। प्रस्तुत तथ्यहरूले छिल्ली राज्यको उत्पत्ति पनि यस्तै प्रक्रियाको परिणाम भएको संकेत गर्दछन्। दाङ उपत्यका कर्णाली–सिँजा क्षेत्र र तराईबीचको महत्वपूर्ण सम्पर्क क्षेत्र थियो। सिँजा राज्यको विस्तारसँगै दाङ क्षेत्रमा सामरिक किल्लाको आवश्यकता उत्पन्न भएको र छिल्लीकोट त्यही आवश्यकताबाट विकसित भएको देखिन्छ। त्यसैले छिल्ली राज्यको स्थापना कुनै आकस्मिक घटना नभई सिँजा राज्यको सीमावर्ती सुरक्षा तथा प्रशासनिक नियन्त्रणको दीर्घकालीन रणनीतिको परिणाम थियो भन्ने निष्कर्ष निकाल्न सकिन्छ।

अध्ययनका तथ्यहरूले अर्को महत्वपूर्ण पक्ष पनि उजागर गरेका छन्। प्रारम्भमा सिँजा राज्यको अधीनस्थ सामन्तीय संरचनाका रूपमा विकसित भएको छिल्ली राज्य विस्तारै स्थानीय शक्ति केन्द्रमा रूपान्तरित भएको देखिन्छ। यसले राज्य निर्माणको प्रक्रिया एकपटक सम्पन्न हुने स्थिर घटना नभई निरन्तर चलिरहने राजनीतिक पुनर्संरचनाको प्रक्रिया हो भन्ने स्थापित मान्यतालाई पुष्टि गर्दछ। छिल्ली राज्यले सुकौरा सवारीकोट उदयपुरलगायतका छिमेकी शक्ति केन्द्रहरूसँग प्रतिस्पर्धा र सहकार्य दुवै गर्दै आफ्नो अस्तित्व निर्माण गरेको देखिन्छ। यसबाट मध्यकालीन दाङ क्षेत्र एकल राजनीतिक इकाइभन्दा बढी बहुकेन्द्रीय शक्ति संरचनाले सञ्चालित क्षेत्र थियो भन्ने नवीन निष्कर्ष प्राप्त हुन्छ।

वंशावलीसम्बन्धी स्रोतहरूको विश्लेषणले छिल्ली राज्यको राजनीतिक स्मृति र वास्तविक इतिहासबीच भिन्नता रहेको संकेत गर्दछ। मध्यकालीन स्थानीय इतिहासहरू लिखित अभिलेखभन्दा बढी मौखिक परम्परा र सामाजिक स्मृतिमा आधारित भएर संरक्षित भएका थिए भन्नेकुरा छिल्लीका विभिन्न वंशावलीमा पाइएको मतभेदले पनि देखाएको छ। उपलब्ध स्रोतहरूको सीमितता र कतिपय विवरणहरूको अस्पष्टताका कारण यस विषयमा अभिलेखीय, पुरातात्त्विक तथा वंशावलीसम्बन्धी थप अनुसन्धानको आवश्यकता अझै बाँकी रहेको देखिन्छ।

छिल्ली राज्यको पतनको सन्दर्भमा प्रस्तुत तथ्यहरूले अझ महत्वपूर्ण सैद्धान्तिक संकेत प्रदान गर्छन्। अध्ययनवाट छिल्ली राज्यको अन्त्यसम्बन्धी प्रचलित मान्यतामा पुनर्विचार आवश्यक रहेको देखिएको छ। धेरै लेखकहरूले वि.सं. १८४३ वा १८४८ मै छिल्ली राज्यको अस्तित्व समाप्त भएको उल्लेख गरे तापनि समकालीन पत्र र ताम्रपत्रहरूले वीरभद्र शाह वि.सं. १८६० सम्म जीवित रहेको तथा छिल्ली राज्य वि.सं. १८६१ सम्म अस्तित्वमा रहेको प्रमाण प्रस्तुत गरेका छन्। त्यसैले छिल्ली राज्यको अन्तिम अवसान नेपाल एकीकरणलगत्तै नभई वि.सं. १८६१ मा सल्यानमा स्थायी रूपमा गाभिएपछि भएको निष्कर्ष आएको छ।

राज्य पतनसम्बन्धी सिद्धान्तहरूका अनुसार कुनै पनि राज्य केवल सैनिक पराजयका कारण समाप्त हुँदैन; बरु शक्तिशाली केन्द्रीय राज्यभित्र समाहित हुँदा त्यसको राजनीतिक वैधता र स्वायत्तता क्रमशः

कमजोर हुँदै जान्छ । सामान्यतया नेपाल एकीकरणलाई टुक्रे राज्यहरूको तत्काल अन्त्यका रूपमा व्याख्या गरिन्छ तर छिल्ली राज्यको उदाहरणले एकीकरण प्रक्रिया र स्थानीय राज्यहरूको अन्त्य एकै समयमा सम्पन्न नभएको देखाउँछ । स्थानीय राज्यहरूले एकीकरणपछिसमेत केन्द्रसँगको सम्बन्धका आधारमा केही समय आफ्नो अस्तित्व कायम राख्न सकेका थिए । यस अर्थमा नेपाल एकीकरणलाई तत्कालीन राज्यहरूको तत्काल विनाश नभई क्रमिक राजनीतिक समायोजन र पुनर्संरचनाको प्रक्रियाका रूपमा बुझ्नुपर्ने हुन्छ । वि.सं. १८४३ मा गोरखाको पश्चिम एकीकरणको समयमा आफ्नो अस्तित्व जोगाएर १८६१ मा आएर विघटन हुनुले छिल्ली राज्यको अन्त्य पनि यही प्रक्रियाको परिणाम हो । नेपाल एकीकरणपछि छिल्लीले केही समय आफ्नो पृथक राजनीतिक पहिचान जोगाउन सफल भए पनि स्वतन्त्र अस्तित्व धेरै समयसम्म कायम राख्न सकेन । छिल्ली राज्यको पतन शैन्य आक्रमणवाट नभएर स्थानीय शक्ति केन्द्रहरूलाई एक अर्कामा समाहित गर्ने नेपाल एकीकरण अभियानकै एउटा प्रक्रियावाट भएको थियो ।

अतः छिल्ली राज्यको इतिहासले मध्यकालीन पश्चिम नेपालको राजनीतिक संरचना, सीमावर्ती सुरक्षा प्रणाली, तात्कालिन सामन्तीय शक्तिहरुको सम्बन्ध तथा नेपाल एकीकरणका रणनितीबारे नयाँ दृष्टिकोण प्रदान गर्दछ । छिल्ली राज्यको उदय सामरिक आवश्यकता र क्षेत्रीय शक्ति सन्तुलनको परिणाम थियो भने यसको पतन एकीकृत नेपालभित्र स्थानीय राज्यहरुको क्रमिक समायोजनको परिणाम थियो ।

**सन्दर्भ सूची**


- अधिकारी, सूर्यमणि (२०६१) खस साम्राज्यको इतिहास पहिलो संस्करणः भुँडी पुराण प्रकाशन
- अधिकारी डा. बमबहादुर (२०७५) बाइसी तथा चौविसी राज्यहरूको सङ्छिप्त इतिहास पहिलो संस्करण :डिकुरा पब्लिकेशन
- आचार्य, गोविन्द (२०६२), लोकगीतको विष्लेषण पहिलो संस्करण : पैरवि प्रकाशन
- आचार्य, नारायण प्रसाद (...........).सल्यानको इतिहास : दिप प्रिन्टिङग प्रेस ।
- गौतम, टेकनाथ (२०४४), थारू जातिको इतिहास तथा संस्कृति या थारू पुराण : सुशील गौतम ।
- .................. (२०५०), राप्ती अञ्चलको इतिहास तथा केही स्मरणहरू : अजय प्रिन्टर्स ।
- पोखरेल, बालकृष्ण (२०७५), खस जातिको इतिहास दोस्रो संस्करण : फिनिक्स वुक्स
- .......................(२०७५), पाँच सय वर्ष आठौं संस्करण :साझा प्रकाशन
- मजगैयाँ, श्रीधर. (२०५३). मजगैयाँ (पोख्रेल)वंशको इतिहास तथा वंशावली : गंगादेवी मजगैयाँ
- योगी, नरहरिनाथ (२०२२), इतिहास प्रकाशमा सन्धिपत्र संग्रह भाग १: आध्यात्म परिषद् ।
- सुवेदी डा.राजाराम, (सन् १९७९), बझाङ जिल्लाका बाह्र अभिलेखहरू, कन्ट्रिब्युशन्स टु नेपलिज स्टडिज, भोलम ६, संख्या, २ पृ ७३-१०१
- ......................(२०५४),कर्णाली प्रदेशको मध्यकालीन इतिहास : साझा प्रकाशन
- ज्ञवाली, अर्जुन (२०७७), महायोगी गुरु गोरखनाथ र नेपाल पहिलो संस्करण : इण्डीगो इङ्क प्रा.लि.
- Hamilton F.B. (1819 A.D.), an account of the kingdom of nepal, and of the territories annexed to this dominion by the house of gorkha, Londan: Archibald Constable and Company
- Regmi Mahesh C. (Ed.) (1989A.D) king girban's order to maharajadhiraj birabhadra Shah of chhilli, Regmi Research Series Year 21, No. 12, p.170 Regmi Research (Private) Ltd.